# व्यवसायिक बाखापालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## सिसहनिया, दाङ्ग

### १३-१५ बैशाख २०७९

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय सिसहनिया, दाङले ३२ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ बैशाख १३ गतेदेखि १५ गतेसम्म दाङ्ग जिल्लाको सिसहनियामा **“व्यवसायिक बाखापालन तालिम”** सम्पन्न गरेको छ । निर्धन उत्थान क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमालको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिम कार्यक्रममा  राप्ती गा.पा.का पशु विकास प्रमुख श्री जीवराज पौडेल, पशु विकास अधिकृत श्री दामोदर आचार्य र पशु सेवा गोपिनालाका प्रमुख श्री कमल पुन मगरले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि, कार्यकम अधिकृत श्री मिन बहादुर हमालले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमी बाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो ।

तालिममा बाखापालन व्यवसाय एक परिचय, नेपालमा बाखापालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, बाखाका बिभिन्न जातहरूको जानकारी, बाखाको खोर निर्माण, ब्रिडिङ सम्बन्धी जानकारी, स्वास्थ्य सम्बन्धी जानकारी, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी बाखाको पहिचान, बाखामा लाग्ने रोगहरू (परजिवि जिबाणु र मेटाबोलिक), बाखामा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बाखाको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परिजिविहरूको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय बाखापालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री आशा चौधरी, श्री कैलाशपति चौधरी, श्री वसन्ती चौधरी र श्री दिपा चौधरीले मन्तब्य राख्नु भएको थियो । व्यवसायिक रूपमा बाखापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए । तालिम कार्यक्रमको संयोजन सिसहनिया शाखा कार्यालयका प्रमुख श्री संजय चौधरीले गरेका थिए ।